# मरिण गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा करारमा विद्यालय कर्मचारी छनौट सम्बन्धी कार्यविधि

**२०७६**

मरिण गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली

**मरिण गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा करारमा विद्यालय कर्मचारी छनौट सम्बन्धी कार्यविधि २०७६**

**पृष्ठभूमि**

मरिण गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा रिक्त रहेको विद्यालय कर्मचारी करारमा छनौट गरी विद्यालयको लेखा प्रणाली तथा आन्तरीक प्रशासन ब्यवस्थित गर्ने उदेश्यले मरिण गाउँपालिका शिक्षा ऐन २०७५ को दफा १६ बमोजिम मरिण गाउँपालिकाले मिति २०७६/११/१४ मा यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

**संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यस कार्यविधिको नाम सामुदायिक विद्यालयहरुमा करारमा विद्यालय कर्मचारी छनौट सम्बन्धी कार्यविधि २०७६ रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकावाट निर्णय भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

१. "शिक्षा ऐन" भन्नाले मरिण गाउँपालिका शिक्षा ऐनलाई सम्भनु पर्दछ ।
२. "शिक्षा नियमावली" भन्नाले मरिण गाउँपालिका शिक्षा नियमावलीलाई सम्भनु पर्दछ ।
३. "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले मरिण गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्भनु पर्दछ ।
४. "गाउँ शिक्षा अधिकारी" भन्नाले मरिण गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्भनु पर्दछ ।
५. "प्र.अ." भन्नाले मरिण गाउँपालिका अर्न्तगत संचालित सामुदायीक विद्यालयको प्र.अ. लाई सम्भनु पर्दछ ।
६. "शिक्षा शाखा" भन्नाले मरिण गाउँपालिका भित्रको शिक्षा हेर्ने इकाई सम्भनु पर्दछ ।
७. "विषय विज्ञ" भन्नाले सामुदायिक विद्यालयमा रिक्त रहेका कर्मचारीको अस्थायी/करारमा नियुक्ति गर्ने प्रयोजनको लागि गाउँ शिक्षा समितिको वैठकको निर्णयवाट गाउँपालिकावाट आह्वान गरिए बमोजिम दरखास्त दिई सूचिकृत भएका विभिन्न विद्यालयहरुमा कार्यरत शिक्षकहरु भन्ने सम्भनु पर्दछ ।
८. "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयहरुको आन्तरीक प्रशासन, लेखा प्रणाली ब्यवस्थित गर्न छनौट गरिएका कर्मचारी सम्भनु पर्दछ ।

९. “स्थानीय वासिन्दा” भन्नाले स्थानीय तहमा स्थायी ठेगाना उल्लेख भएको व्यक्ति भन्ने सम्झनु पर्दछ ।

१०. “छनौट समिति” भन्नाले मरिण गाउँपालिका शिक्षा ऐन २०७५ को दफा १६ (१) मा गठित समिति भन्ने सम्झनु पर्दछ ।

११. “कार्यविधि” भन्नाले यस गाउँपालिका अर्न्तगत संचालित सामुदायीक विद्यालयमा करारमा विद्यालय कर्मचारी छनौट सम्बन्धी कार्यविधि २०७६ भन्ने सम्झनु पर्दछ ।

**३. छनौट सम्बन्धी मापदण्ड :-**

गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुवाट विद्यालयको आन्तरीक प्रशासन, लेखा प्रणाली व्यवस्थित गर्न विद्यालय कर्मचारी छनौट गरी पढाई दिनु भनि अनुरोध पत्र गाउँपालिकामा प्राप्त भएपछि देहाय बमोजिम मापदण्डको आधारमा छनौट समितिवाट विद्यालय कर्मचारी छनौट गरि करारमा नियुक्तिको लागि विद्यालयमा सिफारिस गरि पठाइने छ ।

(क) रिक्त पद रहेको विद्यालय उल्लेख गरी आवश्यक न्यूनतम योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकि गाउँपालिकाको वेवसाइट, सूचना पाटी, सम्बन्धीत वडा कार्यालय तथा सम्बन्धीत विद्यालयको सूचना पाटीमा कम्तिमा १५ दिनको सूचना प्रकाशित गरिनेछ । विशेष कारणबस उपरोक्त माध्यम वा स्थानमध्ये कुनै एक माध्यम वा स्थानमा मात्र सूचना प्रकाशन भए पनि मान्यता दिइनेछ ।

(ख) शिक्षा शाखाबाट विकास गरिएको आवेदन फारम सहभागीलाई उपलब्ध गराइने छ । आवेदन फारम तथा परीक्षा दस्तुर वापत रु १०००।- आवेदकले गाउँपालिकाले तोकेको खातामा जम्मा गर्नु पर्नेछ ।

(ग) परीक्षा प्रणाली र अंकभार निम्न बमोजिम हुनेछ ।

| प्रथम चरण | दोस्रो चरण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | कम्प्युटर सीप | अर्न्तवार्ता | स्थानीयता | शैक्षिक योग्यता | अनुभव | |
| लिखित परीक्षा<br>वस्तुगत वहुबैकल्पीक - ४०<br>विषयगत - ६०<br>जम्मा - १०० | १० अंक | १० अंक | ५ अंक | ३ अंक | १२ अंक | ४० अंक |

(घ) रितपूर्वक आवेदन फारम बुझाएका आवेदकहरुलाई देहाय बमोजिमको प्रकृया अपनाई परीक्षा संचालन तथा अन्तर्वाता लिइने छ ।

१. लिखित परीक्षा १०० पुर्णाङ्कको लिइनेछ जसमध्ये वस्तुगत वहुवैकल्पिक प्रश्नहरु ४० पूर्णाङ्कको र विषयगत प्रश्नहरु ६० पूर्णाङ्कको सोधिनेछ । उक्त दुवै प्रश्नहरुको लागि जम्मा समय ३ घण्टा दिइनेछ । उक्त परीक्षाको उतीर्णाङ्क ४० हुनेछ ।

२. अन्तार्वाता अनिकतम १० अंकको लिइनेछ यस अर्न्तगत न्युनतम ३.५ र अधिकतम ७ अंकको सिमा भित्र रही अर्न्तर्वाताको लागि छनौट भएका उमेद्वारलाई अर्न्तर्वाताकारवाट अंक प्रदान गरिनेछ । कम्प्युटर सीप परिक्षण सम्बन्धी १० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा लिईनेछ । कम्प्युटर सीप परीक्षण सम्बन्धी प्रयोगात्मक परीक्षा सम्पन्न भएपछी मात्र अर्न्तवार्ता (मौखिक परीक्षा) लिईनेछ ।

३. गाउँपालिका भित्र स्थायी ठेगाना भएका उम्मेदवारलाई ५ अंक प्रदान गरिनेछ ।

४. आवेदन दिने दिन सम्ममा सम्बन्धीत तहमा कम्तिमा १ बर्ष काम गरिरहेका आवेदकहरुलाई प्रति वर्ष २ अंकका दरले वढीमा १२ अंक सम्म अनुभव वापतको अंक प्रदान गरिनेछ । आवेदनको साथमा अनुभव प्रमाणित कागजात पेश नगरेका र १ वर्ष भन्दा कम अवधी काम गरेकालाई यस्तो सुविधा दिइने छैन ।

५. शैक्षिक योग्यता वापत प्रथम श्रेणी भए ३, द्धितिय श्रेणी भए २, तृतिय श्रेणी भए १ र श्रेणी नखुलेको प्रमाणपत्र भए एकमुष्ठ २ अंक प्रदान गरिने छ ।

६. लिखित परीक्षाको उर्तिणाङ्क न्यूनतम ४० अंकलाई मानिनेछ ।

७. आवेदकहरुको रोल नं. दर्ता नम्बरको आधारमा कायम गरिनेछ ।

८. लिखित परीक्षाको नतिजा प्रकाशित सवैभन्दा उच्चतम अंक ल्याउने मध्येवाट आवश्यक संख्याको आधारमा नेपाली वर्णानुक्रम अनुसार गरिनेछ । अन्तिम नतिजा भने लिखित, प्रयोगात्मक, अर्न्तर्वाता र अन्य मापदण्ड बमोजिम उमेद्वारले प्राप्त गरेका अंक गणना गरी ( सम्पूर्ण अंक) योग्यता क्रमको आधारमा प्रकाशित गरिनेछ । मापदण्ड बमोजिम सबैभन्दा वढी अंक प्राप्त गर्ने उम्मेदवारलाई सफल र सो भन्दा कम अंक प्राप्त गर्ने उम्मेदवारलाई आवश्यक पद संख्याको आधारमा वैकल्पिक उमेद्वारको रुपमा सूचना प्रकासित गरी नियुक्तिको लागि सम्बन्धीत विद्यालयमा सिफारिस गरिनेछ ।

९. १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको मान्यता प्राप्त शिक्षण संस्थावाट ब्यवस्थापन वा वाणिज्यशास्त्रमा प्रविणता प्रमाणपत्र वा सो सरह उतीर्ण ब्यक्ति विद्यालय कर्मचारी पदको लागि आवेदन दिन योग्य मानिनेछ ।

१०. छनौट समितिवाट सफल घोषित उमेद्वारलाई करारमा नियुक्तिको लागि सम्बन्धीत विद्यालयको वि.ब्य.स. मा सिफारिस गरि पठाइने छ ।

११. परीक्षा सुरु हुने दिन विहानै छनौट समितिले गाउँपालिकाको प्रतिनिधिको रोहवरमा गाउँपालिकामा सूचीकृत विज्ञहरु मध्येबाट गोला प्रथाद्धारा आवश्यक संख्यामा विषय विज्ञ छनौट गरिनेछ । विज्ञको छनौट कार्य उक्त दिन परीक्षा संचालन हुने विद्यालयका प्र.अ.हरु मध्येवाट गरिनेछ ।

१२. उल्लेखित पदको लागि पाठ्यक्रम छनौट समितिले निर्धारण गरी दरखास्त दिने उम्मेदवारलाई उपलब्ध गराईनेछ । छनौट भएका विज्ञहरुले निर्धारित पाठ्यक्रमको ढाँचालाई अनुसरण गरी प्रश्नहरु निर्माण गर्नु पर्ने छ ।

१३. प्रश्नहरु निर्माण कार्य सम्पन्न हुने वित्तिकै छनौट समितिले तोकेको समय र स्थानमा परीक्षा संचालन गरिनेछ ।

१४. एकै दिन र एकै समयमा संचालन हुने परीक्षाको लागि एउटै प्रश्नपत्रको प्रयोग गरिनेछ । उक्त दिन छनौट भएका विज्ञहरुलाई सामुहिक रुपमा प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परिक्षण कार्य पनि गर्न लगाइने छ, तर अन्तर्वाता कार्य भने विद्यालयगत रुपमा संचालन गरि नतिजा प्रकाशित गरिनेछ । छनौट समितिले तोकेको विज्ञले मात्र अन्तर्वातामा अंक प्रदान गर्न पाउनेछन ।

१५. छनौट सम्बन्धी काममा सहयोग पुर्‍याउन थप कर्मचारी आवश्यक देखिएमा उपयुक्त व्यक्तिलाई छनौट समितिले लिई काममा लगाउन सक्नेछ ।

१६. परीक्षा सम्बन्धी काम सकेसम्म एकै दिन सम्पन्न गर्न प्रयास गरिनेछ । कारणवस समय अभावले परीक्षा सम्बन्धी काम उक्त दिन सम्पन्न हुन नसकेमा परीक्षा सम्बन्धी सम्पूर्ण कागजातहरु सुरक्षाको लागि इलाका प्रहरी कार्यालय, कपिलाकोटमा राख्ने व्यवस्था मिलाइने छ ।

१७. परीक्षाको अनुगमन सुपरीवेक्षण गाउँपालिकाको अध्यक्ष/उपाध्यक्षवाट हुनेछ ।

१८. गाउँपालिकावाट व्यवस्था नभएसम्मको परीक्षा संचालन सम्बन्धी खर्च सम्बन्धीत विद्यालयले व्यहोर्नु पर्नेछ ।

**४.** माथि जुनसुकै कुरा लेखिएको भएता पनि एकै पटकमा एउटै विज्ञापनद्धारा विद्यालय कर्मचारी करारमा छनौट सम्बन्धी कार्य गर्नुपर्ने भएकोले छनौट समितिका पदाधिकारीहरु प्रमुख प्रशासकिय अधिकृत, गाउँ शिक्षा अधिकारी र रिक्त पद रहेका विद्यालयहरुका प्र.अ.हरुको संयुक्त वैठक वसि विज्ञापन तथा लिखित परीक्षा सम्बन्धि कार्य सम्पन्न गरिनेछ भने अन्तर्वाता र अन्तिम नतिजा प्रकाशित सम्बन्धि कार्य विद्यालयगत रुपमा गरिनेछ ।

**५. विविध :-**

यस कार्यविधि कार्यान्वयनको क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानुनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय लिन सक्नेछ ।